मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

चार बदमासको कथामा 'सिल्ली फो': पृष्ठ ४

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ३३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ कात्तिक २४ गते बुधवार (Wednesday, November 10. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-






भोजपुरको षडानन्द नगरपालिका–६, दिङ्लामा निर्माण गरिएको बालागुरु षडानन्दको शालिक । **तस्वीरः रासस**

## कारागारभित्र 'चरम यातना'

**मोरङ, कात्तिक २३** । कैदीबन्दीलाई कारागारभित्र चरम यातना हुने गरेको खुलासा भएको छ । मोरङ कारागारमा चौकीदारको निर्देशनमा नाइके र भाइनाइकेहरुको यातना सहन नसकेपछि मंगलबार बिहान कारागारभित्रै झडप भएसँगै यस्तो खुलासा भएको हो ।

चौकीदार किरण गुरुङको निर्देशनमा कारागारका नाइके र भाइनाइकेहरुले कैदीवन्दीहरुलाई कुटपिट गर्ने तथा यातना दिने एवं अत्याचार गर्ने गरेपछि कैदी बन्दी आन्दोलित बने । कैदीबन्दीहरु आन्दोलित बनेपछि कारागारका चौकीदार र नाइकेको समूहसँग अरू कैदीबन्दीवीच दोहोरो झडपको अवस्था उत्पन्न भएको कारागार प्रशासनले जनाएको छ ।

आन्दोलित बनेका कैदीबन्दीले गुरुङसहित १४ जना कैदीबन्दीलाई कारागारभित्रकै एउटा कोठामा केही बेर थुनेर समेत राखे । चौकीदार गुरुङ, नाइके र भाइ नाइके सहित पदमकुमार लिम्बू, निर्मल ढकाल, रामकुमार राई, रमेश मण्डल, शेखर राई, विशाल मोक्तान, डिल्ली देवान, रोशन दाहाल, सूर्यदीप गुप्ता, कपिल साह, एलएस नेपाली, राजु राई, बविहाङ राई समेतका कैदीबन्दीलाई एउटा कोठामा थुनेका हुन् ।

एउटा कोठामा थुनेर राखिएका कैदी बन्दीलाई प्रहरीले कारागारबाट बाहिर निकालेर राखेको छ । उनीहरूलाई बाहिर निकालिएपछि कारागारभित्रको तनाव केही मत्थर भएको थियो । कैदीबन्दीको सुरक्षा र कारागारमा उत्पन्न तनाव अन्त्यका लागि १४ जनालाई नै अरू कारागारमा स्थानान्तरणको तयारी भइरहेको निमित्त जेलर रामप्रसाद पोखरेलले बताए ।

झडपका कारण उत्पन्न असामान्य परिस्थितिलाई नियन्त्रणमा लिन कारागार आसपासमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको मोरङ प्रहरीले जनाएको छ । मंगलबार बिहान १० बजेतिर दुई पक्षबीच झडप हुँदा चौकीदार किरण गुरुङसहित अरू कैदी बन्दी शेखर राई, निर्मल ढकाल, विशाल मोक्तान, डिल्ली देवान र सूर्यदीप गुप्ता घाइते भएको निमित्त जेलर पोखरेलले बताए । कारागारभित्र मुढा बनाउने बाँसका भाटा लगायतको प्रयोग भएको पाइएको छ । घाइतेको कोशी अस्पताल विराटनगरमा उपचार भइरहेको छ ।

### सीमावर्ती मेची नदी किनारमा छठ पूजाको तयारी पूरा

# साँघुरो ठाउँका नियन्त्रणमा चुनौति

**पार्थ मण्डल**

**झापा, कात्तिक २३।** नेपाल-भारतको सीमावर्ती नाकासँग जोडिएको भद्रपुर-५ स्थित मेची नदी किनारमा छठ पर्वको तयारी पूरा भएको छ ।

आज बुधवार बेलुका अस्ताउँदो सूर्य र भोलि बिहीबार बिहान उदाउँदो सूर्यलाई अघ्र्य दिँदै मनाइने तराईवासीको मुख्य चाड छठ पर्वलाई भव्यता दिन मेची नदी किनार नयाँ बेहुली झैं सिंगारिएको छ । अघिल्लो वर्ष कोरोना महामारीले घर आँगनमै छठ पर्व मनाउनु परेको थियो । यस वर्ष स्थानीय प्रशासनले स्वास्थ्य सुरक्षाको मापदण्ड अनुसार छठ पर्व मनाउन अनुमति दिएपछि भद्रपुर नगरपालिकाको सहकार्यमा आयोजक समितिले तयारी पूरा गरेको हो ।

नदी किनारको मसानघाटदेखि मेची पुलको मुख्यद्वार हुँदै देवी बस्तीसम्मको करिब डेढ किलोमिटर वारिपारि करिब ५ हजारभन्दा बढी पूजा स्थल (घाट) निर्माण गरिएको छ । पण्डाल र घाट निर्माणका लागि मैथिली समाज झापा र युनिक समूह भद्रपुर सामुहिक रूपमा लागीपरेका थिए । उता मेची नदीमा भारतीय नागरिकले पनि छठ घाट र पण्डाल बनाउने तयारी पूरा गरेका छन् ।

भारतको बंगाल तथा विहार गरी दुई वटा राज्यसँग जोडिएको मेची नदीको सीमा क्षेत्रमा मनाइने प्रदेश १कै सबैभन्दा फराकिलो, लामबद्ध छठ पर्व झापा जिल्लाको भद्रपुरको मेची नदीमै मनाइन्छ । त्यही भएर नेपालको जनकपुरपछि भद्रपुरको छठ पर्व दोस्रो स्थान ओगट्न सफल भएको आयोजक समितिले दावी गरेको छ ।



नदीमा किनारमा बिजुलीबत्ती जडान, दुई वटा अस्थायी बाँसे पुल निर्माण, सरसफाई, खानेपानी व्यवस्थापन, सुरक्षा बिट, स्वागत गेट, हेल्प डेस्क, सूर्य भगवानको मूर्तिस्थल निर्माण गरिएको मैथिल समाजका अध्यक्ष रमेशचन्द्र झा बताउँछन् । 'यसबर्ष घाट निर्माणको जिम्मा मैथिल समाजले लिएन'- उनले भने- व्रतालु परिवारले आफै घाट निर्माण गरिरहेका छन् । समाजले कोभिडलाई मध्यनजर गरी व्यवस्थापनको जिम्मा मात्र लिएको उनको भनाइ छ ।

युनिक समूहले भने आफैंले घाट निर्माण गरेको छ । समूहले ५ फुट घाटको ५ सयदेखि ७५० रुपैयाँसम्म लिएको समूहका अध्यक्ष नारद राजवंशीले बताए । गरीब तथा विपन्न परिवारलाई निःशुल्क घाट उपलब्ध

(बाँकी अन्तिम पृष्ठमा)

## 'यस बर्ष विरीङमै'

**बिर्तामोड, कात्तिक २३।** कोभिडका कारण गत वर्ष स्थगन गरिएको छठ पूजा यस बर्ष कनकाई-८स्थित बिरिङ खोलामा नै गरिने भएको छ ।

छठ समाज सेवा समिति बिर्तामोडको आयोजनामा विरिङ खोलामा विगतका वर्ष झैं यस वर्ष पनि छठ पूजा गरिने भएको हो ।

छठ समाज सेवा समिति बिर्तामोडका अध्यक्ष राजकुमार गुप्ताका अनुसार पूजा अघि गरिने कार्यक्रमको उद्घाटन प्रतिनिधि सभा सदस्य पबित्रा निरौला खरेलले गर्ने भएकी छिन् । वृहत् सांस्कृतिक कार्यक्रमसहित पूजाको आयोजना गर्न लागिएको बिर्तामोडमा मंगलवार साँझ पत्रकार सम्मेलन गरी जानकारी दिइयो ।

(बाँकी अन्तिम पृष्ठमा)

## १९ औषधि पसल निलम्बनमा

**झापा, कात्तिक २३।** मापदण्ड विपरीत सञ्चालन गरिएका १९ वटा औषधि पसल निलम्बनमा परेका छन् ।

औषधि व्यवस्था विभागले असोज महिनामा काठमाडौं उपत्यकाभित्र सञ्चालन गरिएका १९ वटा औषधि पसललाई निलम्बन गर्दै कारबाही गरेको हो ।

विभागका महानिर्देशक नारायणप्रसाद ढकालले औषधि ऐन-२०३५ को दफा २० को उपदफा ४ (क) बमोजिम सो पसलहरूलाई ४ देखि १५ दिनसम्म निलम्बन गरिएको जानकारी दिए । उनका अनुसार औषधि पसलको अनुगमनका क्रममा अधिकांश पसलले अनुमतिबिना नै सञ्चालन गरेको तथा केहीमा म्याद सकिएको औषधि पाइएपछि कारबाही गरिएको हो ।

औषधि बिक्रेता तथा वितरकले पसल तथा फार्मेसी औषधि व्यवस्था विभागमा दर्ता गराएर मात्र सञ्चालन गर्नुपर्ने प्रावधान रहेको छ । विभागले लुक्सी भेट फर्मा कोटेश्वरलाई

(बाँकी अन्तिम पृष्ठमा)

## क्षतिको आधारमा राहत

**झापा, कात्तिक २३।** सरकारले हालैको बेमौसमी वर्षाबाट धानबालीमा भएको क्षतिको राहत उपलब्ध गराउने सम्बन्धमा कार्यदलले पेश गरेको कार्यविधि स्वीकृत गरेको छ ।

मन्त्रिपरिषद्को यही कात्तिक ८ गतेको बैठकले बेमौसमी वर्षापछि बाढी र डुबानका कारण धानबालीमा भएको क्षतिको अध्ययन गर्न कार्यदल गठन गरेको थियो ।

कार्यदलमा गृहमन्त्रालयका सचिवलाई संयोजक तोकिएको थियो । सदस्यहरुमा कृषि मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, उद्योग मन्त्रालयका सचिव, संघीय मामिला मन्त्रालयका सचिव र राष्ट्रिय योजना आयोगका सचिव छन् । कार्यदललाई तीन दिनको समयसीमा दिइएको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कार्यदलले तयार पारेको कार्यविधिका आधारमा थप प्रक्रिया अगाडि बढ्ने जानकारी दिए ।

बेमौसमी वर्षाका कारण देशभर झण्डै रु सात अर्ब बराबरको धानबाली नष्ट भएको प्रारम्भिक अनुमान गरिएको छ । मन्त्री कार्कीले क्षतिका आधारमा पीडितलाई राहत उपलब्ध गराइने दृढता व्यक्त गरे ।

मन्त्रिपरिषद्को यही कात्तिक २२ गतेको बैठकले मोतीपुर औद्योगिक करिडोर घटनाका मृतकका परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

यस्तै बैठकले पर्वतको कुश्मामा ४०० केभी क्षमताको शवस्टेशन र जुम्लाको शवस्टेशन निर्माणका लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गरेको छ । ती शवस्टेशनको निर्माणपछि विद्युत् आपूर्तिमा थप सहज हुनेछ ।

बैठकले कृषि तथा वन सेवा समूहतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा निरु दाहाल पाण्डेलाई बढुवा गरेको छ । त्यस्तै कीर्तिपुर नगरपालिका र चीनको हुवेई प्रान्तको हुआङ्गाङ शहरबीच भगिनी सम्बन्ध कायम गर्न स्वीकृति प्रदान गरेको सरकारका प्रवक्तासमेत रहनुभएको मन्त्री कार्कीले जानकारी दिए ।

त्यस्तै लोकसेवा आयोगको सिफारिसबमोजिम विभिन्न सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका पदमा नियुक्त गर्ने निर्णय भएको छ । यसैगरी बैठकले विश्व स्वास्थ्य सङ्गठनको जेनेभामा सञ्चालन हुने कार्यक्रममा सहभागी हुन स्वीकृत प्रदान गरेको छ । फरक एक प्रसङ्गमा मन्त्री कार्कीले प्रधानमन्त्री शेरबहादुर देउवाको पहिलो घोषणाअनुसार नै सबै नेपाली नागरिकलाई कोरोनाविरुद्धको खोप उपलब्ध गराउन सरकारले सबै प्रकारका प्रयास गरिरहेको जानकारी दिए ।

## तीन प्रदेशमा नयाँ प्रदेश प्रमुख

**झापा, कात्तिक २३ ।** प्रदेश १ सहित सरकारले सरकारले तीन प्रदेशमा नयाँ प्रदेश प्रमुख नियुक्त गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले प्रदेश नं. १सहित सुदूरपश्चिम र कर्णाली प्रदेशमा प्रदेश प्रमुख नियुक्त गर्ने निर्णय गरेको हो । प्रधानमन्त्री शेरबहादुर देउवाको सचिवालयका अनुसार प्रदेश नं. १मा पर्शुराम खापुङ, सुदूरपश्चिममा देवराज जोशी र कर्णालीमा तिलक परियारलाई प्रदेश प्रमुख नियुक्त गर्न राष्ट्रपति विद्यादेवी भण्डारीलाई सिफारिस गर्ने निर्णय गरेको हो ।

अहिले प्रदेश १ मा सोमनाथ अधिकारी प्यासी प्रदेश प्रमुख छन् । उनीहरुलाई बर्खास्त गरेर नयाँ प्रदेश प्रमुख नियुक्त गर्न सरकारले सिफारिस गरेको हो । त्यस्तै सुदूरपश्चिममा गंगाप्रसाद यादव, कर्णालीमा गोविन्द कलौनी प्रदेश प्रमुख थिए । जोशी कांग्रेस, परियार नेकपा माओवादी केन्द्र तथा खापुङ जनता समाजवादी पार्टीको कोटाबाट परेका हुन् । सुदूरपश्चिम प्रदेश प्रमुख नियुक्त भएका जोशी नेपाली कांग्रेस बाजुराका पूर्व पार्टी सभापति हुन् ।

शिक्षक पेशाबाट राजनीतिमा आएका जोशी २०४८ सालको आमनिर्वाचनमा सबैभन्दा कम उमेरका विजयी भएका थिए । उनी संविधानसभा सदस्य समेत हुन् । यसअघि प्रदेश २ को प्रदेश प्रमुख भएका परियारलाई गत फागुन ७ गतेको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले पदमुक्त गरेकी थिइन् ।

## भोजपुरमा कायमै छ बालीघरे प्रथा

**भोजपुर, कात्तिक २३।** देशका धेरै क्षेत्रमा परिवर्तन आए पनि भोजपुरको बालीघरे प्रथामा परिवर्तन आउन सकेको छैन । यहाँ धेरैजसो दलित सामुदायका मानिस अहिले पनि बालीघरे प्रथामा काम गर्दै आएको दलित सञ्जाल भोजपुरले जनाएको छ ।

बालीघरे प्रथा भन्नाले वर्षभर काम गरेको ज्यालाको रूपमा अन्न लिने प्रथालाई भनिन्छ । जस अन्तर्गत केही रकम लिएर गाउँभरका घरमा हुने फलाम कुट्ने वा कपडा सिलाउने कामको जिम्मेवारी हुनेगर्छ । कपडा सिलाउने काम गरेबापत वर्षदिनको प्रतिघर दश पाथीदेखि एक मुरी अन्न, चाडपर्वमा भाग भनेर फलाम पिट्ने कपडा सिलाउनेले दशैंमा खसीको मासु र साउने, माघे सङ्क्रान्तिलगायत चाडमा चामल, नून र सेल रोटी दिने चलन छ ।

यसरी दिने गरिएको अन्नलाई बजार मूल्य अनुसार हेर्दा मकै प्रतिपाथी १६० र धान प्रतिपाथी १५५ रूपैयाँ पर्दछ । यसरी काम गरेबापत हरेक घरबाट फलामको काम गर्नेले वर्षभरिमा एक हजार ५५० देखि एक हजार ६०० रुपियाँसम्म औसतमा पाउने गरेको देखिन्छ । विसं २०६८ सालको जनगणना अनुसार यहाँ १५ हजार ८५२ दलितको सङ्ख्या रहेको छ । जसमा करिब १२ हजार घरपरिवार बालीघरे प्रथामा आश्रित रहेको दलित सञ्जाल भोजपुरका अध्यक्ष दुर्गा रणपंहेलीले बताए ।

अध्यक्ष रणपंहेलीले भने- 'देशमा धेरै खालका परिवर्तन आएको छ । सामाजिक सचेतनाका काम भइरहेका छन् । तर यहाँ अझैपनि धेरै वर्षअघिबाट चल्दै आएको बालीघरे प्रथा हट्न सकेको छैन । ग्रामीण भेगका ८५ प्रतिशत दलित समूह अहिले पनि बालीघरे प्रथामा नै निर्भर छन् ।'

सामाजिक सुधारका लागि राज्यले अझ ध्यान दिनुपर्ने उनको भनाइ छ । आफू जस्ता अभियन्ताले हकअधिकारको लागि विभिन्न खाले अभियान सञ्चालन गरे पनि त्यो पर्याप्त हुन नसकेको रणपहेंलीले बताए । 'यो प्रथाको अन्त्यका लागि हामी लागिरहेका छौं । विभिन्न सचेतनामूलक कार्यक्रम भइरहेका छन् । तर, यस्तो प्रथा भने कायम नै छ । यसको मुख्य कारण गरिबी हो । यसको अन्त्यका लागि सरकारले अझ विशेष ध्यान दिन आवश्यक छ, होइन भने यस्ता परम्परा कायम रहिरन्छ'- अध्यक्ष रणपंहेलीले भने ।

जिल्लाको अन्नपूर्ण, नागी, लेखर्क, दलगाउँ, औलिया, बास्तीम, जरायोटार, हसनपुरलगायत नौ ओटै स्थानीय तहका विभिन्न ठाउँका करिब १२ हजार दलित घरपरिवारले बालीमा अरुको काम गरी जीविका चलाइरहेका छन् । अधिकांशको जग्गा समेत छैन । टेम्केमैयुङ गाउँपालिका-९ लेर्खकका हर्कबहादुर विकको वर्षौंदेखिको दिनचर्या यसरीनै बितिरहेको छ । गाउँमा फलाम पिट्ने काम न्यूनतम् ज्यालाको रूपमा बाली लिएर काम गर्नु उनको बाध्यता हो । विक भन्छन्- 'अन्य पेशा गरौं भने पनि पाइदैन । बालबच्चा धेरै छन् । तिनीहरुलाई खुवाउनै पऱ्यो । परिवारको पेट पाल्न र दैनिकी चलाउनको लागि पनि बाउबाजेको पालादेखि बालीघरेको काम गर्दै आएको छु । यो हाम्रो बाध्यता नै छ । गरिबीका कारण हाम्रो लागि अर्को विकल्प छैन् ।'

त्यस्तै टेम्केमैयुङ गाउँपालिका-५ चोलन्तीका गोरे

(बाँकी अन्तिम पृष्ठमा)


## जग्गा बिक्रीमा

बिर्तामोड भगवान चोकस्थित हाइवेबाट तीन सय मिटर दक्षिणमा रहेको एक कठ्ठा जग्गा बिक्रीमा छ । आवश्यक पर्ने महानुभावले सिधा सम्पर्क गर्नुहोला ।

**मो. नं. ९८५२६७२६२०, ९८०२०७२६२०**

## कर्मचारी आवश्यकता

यस मेनपावरलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु- सम्पर्क गर्नुहोला ।

**पद** : रिसेप्सनिष्ट २ जना (महिला)
**योग्यता** : +२ वा सो सरह, कम्प्युटरमा दक्ष ।
**डकुमेन्टेशन** : २ जना (महिला)
**योग्यता** : +२ वा सो सरह, नेपाली र अंग्रेजी टाइप गर्न सक्ने, ग्राफिक्स डिजाइनमा दक्ष, कम्प्युटर सम्बन्धी पूर्ण ज्ञान भएको
**पि.आर.ओ.** : १ जना (पुरुष) *(कम्प्युटरमा दक्ष, सम्बन्धित काममा अनुभव भएको)*

**सम्पर्क : ९८१५९९१००८, ९८०७९२१९१३**



**वर्षाले ढालेको धान बाली:** ताप्लेजुङको सिदिङ्वा गाउँपालिका-४ साब्लाखू गाउँमा वर्षाले ढालेको धान बाली । **रासस**

# २० सदस्यको पदावधि सकिँदै

**काठमाडौं, कात्तिक २३।** राष्ट्रियसभाका उपाध्यक्षसहित एकतिहाइ सदस्यको आगामी फागुन २१ गते पदावधि सकिँदैछ ।

चारवर्षे पदावधि सकिनेमा उपाध्यक्ष शशिकला दाहाल र विषयगत समितिका सभापतित्रय तारादेवी भट्ट, रामनारायण बिडारी र परशुराम मेघी गुरुङसमेत छन् । नेकपा (एमाले)का आठ, नेकपा (एकीकृत समाजवादी) का चार, नेकपा (माओवादी केन्द्र) का चार र नेपाली कांग्रेसका तीन सदस्यको पनि फागुन २१ कार्यकाल समाप्त हुनेछ । राष्ट्रपतिबाट विषयविज्ञका रूपमा मनोनित सदस्य बिडारीको पनि सोही मितिमा चारवर्षे कार्यकाल समाप्त हुँदैछ ।

पदावधि समाप्त हुनेमा अगमप्रसाद वान्तवा राई, उदया शर्मा पौडेल, कविता बोगटी, खीमकुमार विक, चक्रप्रसाद स्नेही, जीवन बुढा, दृगनारायण पाण्डे, ठगेन्द्रप्रकाश पुरी, तारादेवी भट्ट, दीनानाथ शर्मा, नैनकला ओझा, राधेश्याम अधिकारी, रामलखन चमार, शान्तिकुमारी अधिकारी र शेरबहादुर कुँवर हुन् ।

विसं २०७५ असार ४ गते भएको गोला प्रथाद्वारा चारवर्षे पदावधि कायम भएका सदस्यको पदावधि सकिन लागेको हो । स्थायी सदन भएकाले राष्ट्रियसभाका एकतिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ ।

चारवर्षे पदावधि सकिनेमा सात महिला, तीन दलित समुदाय, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यकबाट दुई र अन्य समुदायका सात सदस्य छन् । माथिल्लो सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभा सदस्यको पदावधि छ वर्षको हुन्छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुन्छन् । सरकारले राजनीतिक दलको सहमतिमा एकतिहाइ सदस्यको रिक्त हुने पदका लागि निकट भविष्यमै निर्वाचनको मिति घोषणा गर्ने यसअघि नै जनाइसकेको छ । सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा ३५ दिनअघि नै निर्वाचन गरिसक्नुपर्ने कानूनी व्यवस्था छ ।

राष्ट्रियसभा सदस्यका लागि ३५ वर्ष उमेर पुगेको हुनुपर्छ । प्रवुद्ध समूहको प्रतिनिधित्व हुने भएकाले राष्ट्रियसभालाई परिपक्व सदन मानिन्छ । वि.सं. २०७४ भएको राष्ट्रियसभा सदस्य निर्वाचनमा नेकपा (एमाले) २७, नेपाली कांग्रेस १३, नेकपा (माओवादी केन्द्र) १२ तथा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल र सङ्घीय समाजवादी फोरमले दुई/दुई सिटमा विजयी हासिल गरेका थिए ।

# मोरङमा कोरोना संक्रमित धेरै

**झापा, कात्तिक २३।** पछिल्लो २४ घण्टामा प्रदेश नं १ सबैभन्दा बढी मोरङमा ३८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

स्थानीय पालिकाका अनुसार सबैभन्दा बढी विराटनगर महानगरपालिकामा २७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार झापामा १७, सुनसरीमा १०, इलाममा दुई, सङ्खुवासभा र उदयपुरमा एक/एक जना गरी कूल ९५ जनामा सङ्क्रमण देखिएको हो । सो सङ्क्रमित ५५८ जनाको पीसीआर परीक्षण गर्दा ६९ र ११०को एन्टिजेन परीक्षण गर्दा २६ जनामा सङ्क्रमण पुष्टि भएको छ । प्रदेशमा आजै १७ महिलासहित ३२ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् भने चार महिलाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

# २० लाख नगदसहित पक्राउ

**झापा, कात्तिक २३।** पर्सा वीरगञ्ज महानगरपालिका-८ घण्टाघरबाट स्रोत नखुलेको नगद २० लाख रुपैयाँ सहित बारा बिश्रामपुर गाउँपालिका-५ नकटुवा बस्ने ३१ वर्षीय चन्दनकुमार साहलाई प्रहरीले पक्राउ गरेको छ ।

घण्टाघरबाट आदर्शनगरतर्फ जाँदै गरेको ना.४८ प ७६९१ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकल चालक साहलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो ।

उनी उपर बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ विरुद्धको कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# जोखिम क्षेत्रको 'म्यापिङ' गर्ने निर्णय

**झापा, कात्तिक २३।** प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत विपद् कार्यकारी समितिको बैठकले यही कात्तिक २ गते आएको अविरल वर्षा र त्यसपछिको बाढीपहिरोबाट प्रदेशमा भएको क्षतिको समग्र समीक्षा गरेको छ ।

समितिका अध्यक्ष तथा आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीको अध्यक्षतामा बसेको बैठकले बाढीबाट भएको क्षति तथा प्रभावलाई सम्बोधन गर्ने निर्णय गरेको हो । वर्षा र त्यसपछिको डुबान, कटान तथा पहिरोबाट भएको क्षतिका विषयमा समग्र समीक्षा गर्दै पाँचथरको मिक्लाजुङ जोड्ने सडक सञ्चालन गर्न समन्वय गर्ने निर्णय भएको छ ।

सडक अवरुद्ध भएकाले खाद्यान्न तथा नुनलगायत सामग्री अभाव भयो भन्ने गुनासो आएकाले संघीय भौतिक पूर्वाधार मन्त्रालय र सडक डिभिजनसँग समन्वय गरेर तत्काल सडक मर्मत गर्दै सञ्चालन गर्न समन्वय गर्ने, वर्षा र बाढीबाट भएको मृत्युको विवरण प्राप्त भए पनि अन्य क्षतिको विवरण पूर्णरूपमा आउन बाँकी रहेकाले जिल्लास्थित दैवी प्रकोप उद्धार समितिबाट चाँडै लिने, १४ जिल्लामा विपद्जन्य के-के घटना हुन सक्छन् भन्ने जोखिम क्षेत्रको 'म्यापिङ' गरेर यकिन विवरण जिल्ला विपद् व्यवस्थापन समितिले १५ दिनभित्र मन्त्रालयमा पठाइसक्ने निर्णय भएको मन्त्रालयका सचिव कालिप्रसाद पराजुलीले जानकारी दिए ।

प्रदेशका १४ वटै जिल्लास्थित विपद् व्यवस्थापन समितिलाई सम्भावित विपद्का कारण उत्पन्न परिस्थितिमा उद्धारका लागि आवश्यक पर्ने सामग्री आवश्यक भए मन्त्रालयमा माग गरेर पठाउने, बाढीपहिरोबाट भएको भौतिक संरचना आदि क्षतिको भौतिक पूर्वाधार मन्त्रालयबाट एकीकृत विवरण तयार गरी मर्मत गर्नुपर्ने सडक भए मर्मत गर्ने र पहिरोको दीर्घकालीन समाधान गर्नुपर्ने भए सोसमेत गर्ने निर्णय भएको छ ।

# रजनीकान्तको 'अन्नाथे' ले कमायो १ सय ८६ करोड

दीपावलीमा रिलिज भएका भारतका दुई फिल्मले बक्सअफिसमा आक्रामक व्यापार गरिरहेका छन् ।


बलिउड सुपरस्टार अक्षय कुमार स्टारर फिल्म 'सूर्यवंशी' ले प्रदर्शनको चार दिनमा ९१ करोड ५९ लाखको कमाई गरेको छ भने साउथ सुपरस्टार रजनीकान्त अभिनीत फिल्म 'अन्नाथे' ले विश्वभरबाट प्रदर्शनको पाँच दिनमा नै कूल १ सय ८६ करोड ५८ लाख कमाउन सफल भएको छ ।

रजनीकान्तको फिल्मले प्रदर्शनको पहिलो दिन ७० करोड १९ लाख छापेको थियो । त्यस्तै, 'अन्नाथे' ले दोस्रो दिन ४२ करोड ६३ लाख, तेस्रो दिन ३३ करोड ७१ लाख, चौथो दिन २८ करोड २० लाख र पाँचौ दिन ११ करोड ८५ लाख कमाएको ट्रेड एनालिस्ट मनोबाला विजयबालनले ट्वीटरमा उल्लेख गरेका छन् ।

अबको दुई दिनमा फिल्मको कमाई २ सय करोड नाघ्ने देखिएको छ ।

'अन्नाथे' रजनीकान्तको ९औं फिल्म हो, जसले बक्सअफिसमा सय करोडको आँकडा नाघेको छ । यो फिल्मलाई शिवाले निर्देशन गरेका हुन् । फिल्ममा अभिनेत्री कीर्ति सुरेशले रजनीकान्तको बहिनीको भूमिका निर्वाह गरेकी छन् ।

यसका अलावा खुशबू सुन्दर, मीना र जगपथी बाबूको पनि फिल्ममा मुख्य भूमिका रहेको छ । फिल्मलाई 'पेद्दन्ना' नामबाट तेलगुमा डब समेत गरिएको छ ।




# चार बदमासको कथामा 'सिल्ली फो'



राजबहादुर सानेको लेखन तथा निर्देशनमा फिल्म 'सिल्ली फो' बन्ने भएको छ । चार बदमासको कथामा निर्माण हुने फिल्ममा केकी अधिकारी मुख्य भूमिकामा छिन् ।

यो फिल्मको पहिलो चरणको छायांकन पुरा भइसकेको छ । १५ दिन खिचेर ब्रेक लिइएको फिल्मको मंसीर १ गतेबाट दोस्रो चरणको छायांकन हुने निर्देशक सानेले बताए । फिल्मको सम्पूर्ण छायांकन बाँके क्षेत्रमा हुनेछ ।

फिल्ममा केकीका अलावा राजाराम पौडेल, रवीन्द्र झा, दिनेश रेग्मी, दीपक थापा, अनिथा श्रेष्ठ, चन्द्र पोखरेल, अनिता लामिछाने, भूगोल कार्की, रमेश बजगाइँ, सरस्वती रामजाली मगर, सागर विष्ट, कुशल बोहोरा, गोपाल विक, राजकुमार सापकोटा, छत्रेश्वर प्रसाद शर्मा लगायतका कलाकारहरुको अभिनय देख्न पाइनेछ । फिल्मको मुल कथा केकीको वरिपरी घुम्ने जानकारी प्राप्त छ ।

रुद्र खनाल प्रस्तुतकर्ता रहेको फिल्मको निर्माताामा मनोज डिके र सह-निर्मातामा विशाल श्रेष्ठ र सागर विष्ट रहेका छन् । फिल्ममा दिव्यराज सुवेदी छायाँकार, पुरुषोत्तम न्यौपाने संगीतकार र रामजी लामिछाने कोरियोग्राफरको रुपमा छन् । 'पर्खी बसे फर्की आउनेछु, डोली, विरांगना' जस्ता फिल्मको निर्देशन गरिसकेका सानेले 'सिल्ली फो' को कथा पूर्ण कमेडी रहेको बताएका छन् ।

## साँघुरो...

गराएको उनको भनाइ छ । मधेसी समुदाय बाहेक अहिले साझा पर्वको रूपमा पहाडी, मारवाडी, बंगाली, राजवंशी, लगायतका समुदायले मेची नदीमा छठ पर्व मनाउँदै आइरहेका छन् । मेची नदीमा छठ हेर्न देशका विभिन्न जिल्ला लगायत भारतबाट पनि हजारौं भक्तजन आउने गरेकोले यसको छुट्टै महत्व र पहिचान रहेको जानकारहरू बताउँछन् ।

**घाट निर्माणमा समस्या**

गत कात्तिक २ गते परेको अविरल वर्षापछि मेची नदीमा आएको बाढीका कारण पानी पश्चिमतर्फको बाँध नजिकैबाट बग्न थालेपछि घाट निर्माण गर्न केही समस्या उत्पन्न भएको छ ।

मेची पुल प्रवेशद्वार तलको भाग नजिकैबाट पानी बग्न थालेपछि भीडभाड हुने स्थानको क्षेत्र कम भएको मैथिल समाज झापाका अध्यक्ष झाले बताए । पुलको प्रवेशद्वारमै बढी भीडभाड हुने भएपछि त्यसको व्यवस्थापनका लागि नगरपालिकाको सहयोगमा दुईवटा अस्थायी बाँसे पुल निर्माण भइरहेको उनले बताए । 'बाँसे पुल निर्माण भएपछि व्रतालु तथा भक्तजनहरू पारिपट्टि जान पाउँछन्- उनले भने- जसले एकै ठाउँमा भीडभाड कम हुन्छ ।' 'पुलको बाँध नजिकै पानी बग्न थालेकोले देवीवस्ती नजिकै बालुवाको बाँध लगाएर पानीलाई सार्न पाएको भए पूजास्थल फराकिलो हुने थियो'- स्थानीय भीमासिह राजपुतले भने । देवीवस्तीमा पनि युनिक समूहले पूजा आयोजना गरिरहेको हुँदा बाँध लगाएर सार्न नमिलेको उनको भनाइ छ । 'योपटक एकैठाउँमा बढी भीडभाड हुने निश्चित छ'- उनले भने- 'भीडभाड नियन्त्रणका लागि सबै लाग्नुपर्ने हुन्छ ।'

**ट्याक्टरसहित चार पाङ्ग्रे सवारी साधनमाथि रोक**

प्रहरीले भीडभाडलाई मध्यनजर गरी यसबर्ष कुनै पनि सवारीसाधन मेची नदी किनारसम्म लैजान रोक लगाउने भएको छ । व्रतालु तथा भक्तजनहरूको शान्ति सुरक्षालाई लक्षित गर्दै भद्रपुर भन्सार कार्यालय र पशुपति प्रावि अगाडिबाटै ट्याक्टरसहित ट्याम्पो, रागाँगाडा, मोटरसाइकल, चार पाङ्ग्रे सवारीसाधनमाथि रोक लगाउने निर्णय गरिएको वडा प्रहरी कार्यालय भद्रपुरका इन्स्पेक्टर दलकुमार राईले बताए ।

भक्तजन तथा दर्शनार्थीहरुको उच्च चाप हुने समयमा भद्रपुर बजारभित्र बुधवार दिउँसो २ बजेदेखि रातिसम्म र बिहीबार बिहानको ३ बजेदेखि साढे ७ बजेसम्म कुनै पनि प्रकारका ठूला सवारीसाधनहरू (ट्रक, लहरी, बस, टिपर) प्रवेश निषेध गर्ने निर्णय भएको बताउँदै इन्स्पेक्टर राईले भने- 'ब्रतालु परिवारजनले लिएर आउने सवारीसाधनलाई पनि मेची नदी किनारसम्म जाने अनुमति दिने छैनौं, ती सवारीसाधनसहित अन्य सवारीसाधनहरूलाई भद्रपुर मावि, पशुपति प्रावि र मेची आँखा अस्पताल भएको खुला ठाउँमा पार्किङको लागि व्यवस्थापन मिलाउने छौं ।'

सीमावर्ती मेची नदीको छठ पूजामा करिब ५० हजार भन्दा बढी भक्तजनहरू आउने अनुमान गरिएकोले सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन दुवै देशका सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा योजना बनाइएको इन्स्पेक्टर राईले बताए । आयोजक समिति, भद्रपुर नगरपालिका, सशस्त्र प्रहरी र भारतीय सुरक्षाकर्मीको सहकार्यमा छठ पूजाका दिन नदी किनार दुई सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिनेछ । नेपाली प्रहरी र ट्राफिक प्रहरी गरी एक सय ५०, सशस्त्र प्रहरी ६० परिचालन हुनेछन् ।

छठ पूजा स्थलमा हुन सक्ने सम्भावित आपराधिक तथा उच्छृंखल गतिविधि रोक्न विभिन्न स्थानसहित मेची पुलमाथि पनि प्रहरी परिचालन गरिने उनले बताए । लुटपाट, चोरी तथा बारुद्धजन्य पटाका नियन्त्रण गर्नेका लागि पैदल गस्ती तथा सादा पोशाकमा पनि प्रहरी परिचालन गरिनेछ । साथै भक्तजनहरूको सुरक्षालाई मध्यनजर गरी छठमा प्रहरी हेल्प डेस्क समेत राखिने बताइएको छ ।

**चिया वितरणमा रोक, मास्क वितरण गर्नुपर्ने**

अघिल्लो बर्षहरूमा भक्तजनहरूको सेवा सुविधालाई मध्यनजर गर्दै नेत्र ज्योति समाज भद्रपुर, मुना चिया र युनिक समूहले निःशुल्क चिया तथा पानी वितरण गर्दै आएका थिए । यस बर्ष पनि चिया तथा पानी वितरण गर्ने उनीहरूले योजना बनाएका थिए ।

तर, कोभिड महामारीका कारण यसबर्ष चिया तथा पानी वितरण गर्ने कार्यमा रोक लगाउने निर्णय भएको वडा प्रहरी कार्यालय भद्रपुरका इन्स्पेक्टर राईले बताए । चिया तथा पानी वितरण गरिने स्थानबाट यसबर्ष सेनिटाइजर र मास्क वितरण गर्नुपर्ने निर्णय गरिएको उनको भनाइ छ ।

**सूर्य भगवानको स्थायी मूर्ति राख्ने अभियान**

भद्रपुर-५ नम्बर वडा कार्यालयले मेची निर्भर पार्क निर्माण गर्ने योजना अघि सारेर काम गर्ने थालेपछि मेची किनार हेर्न लायकको भएको छ ।

मेची निर्भर पार्क निर्माणले नदीको किनारको मुहार फेरिएसँगै युनिक समूह भद्रपुरले नदी किनारमा सूर्य भगवानको ढुङ्गाको मूर्ति राख्ने अभियान यसै वर्षदेखि थालेको समूहका अध्यक्ष नारद राजवंशीले बताए । देवीवस्ती नजिकै नदी किनारमा मूर्ति राख्ने अभियानमा जुटेको बताउँदै राजवंशीले भने- यस अभियानमा सबैले सहयोग गर्नुपर्ने हुन्छ ।

'हरेक वर्ष छठ पूजामा सूर्य भगवानको मुर्ति खरिद गरेर ल्याउनुपर्ने बाध्यता छ'- उनले भने- 'यसको अन्त्यका लागि स्थायी रुपमा मुर्ति राख्न लागेका हौं ।' भद्रपुरको छठको सर्वत्र चर्चा भएकोले नदी किनारमै सूर्य भगवानको मूर्ति राखेपछि झन् चर्चा हुने उनको विश्वास छ ।

## यस ...

समाजका वरिष्ठ उपाध्यक्ष घनश्याम चौधरीले बिर्तामोड सहित चारपाने, लक्ष्मीपुर, दुर्गापुर लगायतका क्षेत्रका स्थानीयले विधिपूर्वक यो पूजा गर्ने बताए ।

## भोजपुरमा ...

विक पनि वर्षौंदेखि बालीघरे काम गर्दै आएका छन् । पुस्तौदेखि बालीघरे काम गर्दै आएको उनको भनाइ छ । 'पेशामा दुःख छ । वर्षभरि फलामको काम गर्नुपर्छ । परिवारको गुजारा चलाउन नै समस्या छ । आर्थिक अवस्था जहिले कमजोर नै छ । छोराछोरीलाई राम्रो शिक्षादिक्षा दिन सकिएको छैन । यो प्रथा गर्नु मेरो बाध्यता हो । यो पेशा छाडेर पनि त अरु के काम गर्नु ?'- उनले प्रश्न गरे । उनले फलाम पिटेर नौ जनाको परिवार पाल्नु परेको छ ।

यस्तै समस्या रामप्रसादराई गाउँपालिका-४ दलगाउँका बहादुर दर्जीको पनि रहेको छ । वर्षभरि एक परिवारको लुगा सिलाएको दशपाथी अन्न दिने गरेको उनको भनाइ छ । दर्जीले भने- 'धेरै वर्षअघिबाट यहाँ यही चलन छ । हामी त्यसरी नै काम गर्दै आएका छौं । एक परिवारको वर्षभरि कपडा सिलाएको १० पाथी अन्न, दशैं तिहारलगायत चाडपर्वमा केही पैसा र अन्न दिन्छन् ।'

दलित अधिकारकर्मी दुर्गा रणपंहेलीले गरिबीको कारण दलित परिवार बालीघरेमा काम गर्न बाध्य भएको बताए । बालीघरेमा काम गर्दा उचित ज्याला पाउन नसक्दा अहिलेका युवा पुस्ताले विस्तारै यो पेशा गर्न छोडेको उनको भनाइ छ । बालीघरे प्रथा अनुसार काम गर्दा अन्नबालीको रूपमा न्यूनतम् ज्याला लिनुपर्ने बाध्यता त छँदैछ, त्यसमाथि दलितलाई यो प्रथा अनुसार काम गर्दा व्यक्तिगत र सामाजिक रूपमा गरिने अपमान र विभेद्पूर्ण बोली र व्यवहारले पनि उनीहरुको सम्मानमा चोट पुग्ने दलित अगुवाको भनाइ छ ।

बालीघरे प्रथामा काम गर्नेको समस्या समाधान गर्ने दायित्व राज्यले लिनुपर्ने अभियानकर्ता चित्रलाल विकले बताए । बालीघरे प्रथामा काम गर्ने व्यक्तिले वार्षिक काम गरेबापत पाउने अन्नबाली थोरै हुने उनीहरुको भनाइ छ । यसरी काम गरी प्राप्त गर्ने धान, मकै र अन्य बालीलाई पैसामा परिवर्तन गर्दा न्यूनतम् वार्षिक रूपमा अधिकतम ६० हजारदेखि ९५ हजारसम्म आम्दानी हुने देखिन्छ । तर, ज्यालाको रुपमा थोरै अन्न पाउने धेरै छन् ।

यस विषयलाई नीतिगत रूपमा राज्यले सम्बोधन गर्न पहल गर्नुपर्ने टेम्केमैयुङ गाउँपालिकाका दलित अगुवा हरिबहादुर लम्साल (सार्की)ले बताए । भोजपुर सदमुकाम, दिङ्ला बजार, प्याउली बजार, घोडेटार बजार लगायतको ठाउँमा टाठाबाठा तथा हुने खाने दलित पसल खोलेर विभिन्न व्यवसाय गर्दै आएका छन् । दुरदराजका दलितको पीडा भने दयनीय छ । उनीहरुले यो २१औं शताब्दीमा आएर पनि बालीघरे प्रथानै अगाल्नुपर्ने बाध्यता रहेको छ ।

दलितको क्षमता विकासको लागि भोजपुर नगरपालिकामा नगरस्तरीय दलित सञ्जाल गठन गरेर सिलाइबुनाइ, खुकुरी बनाउनेलगायत तालिम सञ्चालन गरिरहेको नरगस्तरीय दलित सञ्जाल भोजपुरका सचिव राजकुमार नेपालीले बताए । यतिले मात्र दलित समुदायको जीवनस्तरमा सुधार आएर बालीघरे प्रथा नहट्ने उनको भनाइ छ । दलितको ठूलो संख्या अझै पनि बालीघरे प्रथामै निर्भर भएकाले राज्यले नै वृहत् योजना बनाएर काम गर्नुपर्ने नेपालीको भनाइ छ ।

## १९ औषधि ...

१५ दिन निलम्बन गरेको छ । यस्तै, गान्धी मनोहरा कम्युनिटी हेल्थ सेन्टर कागेश्वरी मनोहरालाई, सपनातीर्थ फार्मेसी टोखा र प्राकृतिक बाइपास फार्मेसीलाई १४/१४ दिन र झोराली फार्मेसी, टोखा इमर्जेन्सी मेडिकल हललाई १०/१० दिन निलम्बन गरिएको छ ।

यस्तैगरी, नन्दकृष्ण फार्मेसी, मेड स्टार सेन्टर प्रालि, मिली मेडिकल हल एन्ड डाइग्नोष्टिक सेन्टर, निकम मेडिकल हल, मेडिगोल्ड फार्मेसी, एटोर्मा फार्मेसी, विरसना गोर्खाली मेडिकल हल, कालिका फार्मेसी, सार्थक फार्मेसी, सुवेदी फार्मेसी, अनमोल फार्मेसी, सिद्धि फार्मेसी र खरिपाटी फार्मेसी भक्तपुरलाई ७/७ दिन निलम्बन गरिएको हो ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

**घर जग्गा बिक्रीमा**

बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी ७½-साठे सात धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला ।

मो. नं. ९८४४६४२०९५, ९८१७९९०२९९

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

**पूर्वाञ्चल**

**सम्पादकीय**

# छठको शुभकामना

**नेपालीले मनाउने सर्वाधिक ठूलो पर्व दशैं र त्यसपछि आउने तिहार पनि समापन भएको छ । आज त्यसपछिको ठूलो र महत्वको चाड छठ मनाइँदैछ । वैदिक सनातन धर्मका सम्पूर्ण पर्वहरु प्रकृतिको वरिपरि घुमेका छन् । अर्थात् वैदिक संस्कृतिले प्रकृतिलाई पूजा गर्न सिकाएको छ, त्यसकै आधारमा हाम्रो जीवन प्रारम्भ भएको छ । प्राणी जगतको बाँच्ने आधार पनि प्रकृति नै हो । त्यही कारण प्रकृति पूजक जाति भनिने सनातनी सभ्यताका अनुचरहरुले विभिन्न समयमा विभिन्न चाडपर्वहरु मनाउँछन् । तिनैमध्ये पर्ने छठ षष्ठी तिथिको अपभ्रंश मानिन्छ । शुरुमा तराईबासीहरुले मनाउने गरेको छठ हिजोआज नेपालीको साझा पर्व बनिएको छ । सद्भाव, भ्रातृत्व र स्नेहको पर्वका रुपमा समेत मनाइने यो पर्वले मूलतः सूर्यको पूजा आराधना गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।**

**त्यसो त पृथ्वी स्वयम् प्रकृति हो भने ब्रह्माण्डमा रहेका सबै ग्रह–उपग्रहहरु पनि प्रकृतिकै अंश हुन् । त्यसमाथि सूर्य सर्वाधिक ठूलो ग्रह हो जसले पृथ्वीबासीलाई प्रकाश, ताप, न्यानोपन र वर्षा दिएर सम्पूर्ण प्राणी र वनस्पतिको जीवन सञ्चार गर्छ । त्यहीकारण सूर्यलाई शक्तिको मूलस्रोत मानिएको छ । वैदिक सनातन धर्मका सबै चाडपर्वहरु पृथ्वी र ऊर्जासँग सम्बन्धित छन् । छठ पर्व सूर्य देवको अनुष्ठान गर्ने पर्व भएको र सूर्यसँग मानव अस्तित्व जोडिएकाले यो पर्वमा नदी, ताल, पोखरीहरुलाई सफा पारिन्छ । त्यस्तै पूजास्थलसम्म पुग्ने सडक सफाई गर्नुका साथै नदी किनारमा भएका झारपात उखेलेर, केराका थम्बा गाडेर, बत्तीले सजाएर सुन्दर बनाइन्छ । कात्तिक शुक्ल चतुर्थीबाट शुरु हुने पर्व षाष्ठीका दिन अस्ताउँदो र भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि समापन हुन्छ ।**

**यो वर्ष पनि वैश्विक महामारी कोभिड–१९ का कारण मानव अस्तित्व नै संकटमा पऱ्यो । यसका कारण हाम्रा चाडपर्वहरु मात्र होइन जीवन पद्दति नै अनियमित भइरहेको छ । त्यसको संक्रमणबाट जोगिन सरकारले स्वास्थ्यको मापदण्ड निर्धारण गरेको छ । जसअनुसार भीडभाड गर्न, अनावश्यक हिंडडुल गर्न रोक लगाइएको थियो । तर, अहिले संक्रमण कम भएकोले छठ पर्व नदी, तलाउ, कुण्डहरुमा धुमधामका साथ मनाइँदैछ । प्रकृति र सभ्यताको संगम जस्तै बनेको छठ पर्वले सबैमा सद्भाव, बन्धुत्व, सहिष्णुता जगाओस् । महामारी निर्मूल नै भइनसकेको अवस्थामा सावधानीसहित छठ मनाऔं । सूर्य, नदी र मानव जातिका बीचको निकटता र गहिरो सम्बन्ध अझ गाढा बनोस् । पृथ्वीसँगै सम्पूर्ण प्राणीको रक्षा होस् । सम्पूर्ण जीव र जगतको कल्याण होस् । छठ माताले सबैको कल्याण गरुन् ।**

# फोहर व्यवस्थापन गर्न कहिले अघि बढ्ने हामी



राजकुमार पोखरेल

वि. सं. २०४५ सालमा वीरता जेसीजले शुरु गरेको बिर्तामोड बजार सरसफाई अभियानलाई विभिन्न समयमा विभिन्न संघ-संस्थाहरुले निरन्तरता दिइ रहे । तर, अझै पनि बिर्तामोड बजारको फोहर-मैला व्यवस्थापन हुन सकेको छैन । जतातत्तै फोहर फालेको र बाटोमा फोहरको थुप्रो देख्न पाइन्छ । बाटो मै प्लाष्टिकजन्य फोहर बालेर टोल नै प्रदुषित पार्ने काम झनै बढीरहेको छ । यस्तैमा फेरि एकपटक उद्योग वाणिज्य संघ बिर्तामोड र बिर्तामोड नगरपालिकाको संयुक्त प्रयास देखिएको छ । दुबै संस्था बजारमा उत्पादन हुने फोहर-मैलासँग प्रत्यक्ष सरोकार राख्दछन् । हिजो स्थानीय निकायसँग सिमित शक्ति र श्रोत मात्र थियो । यसपटक नगरपालिका आफैंमा स्थानीय सरकार पनि हो । जसले नगरको फोहर-मैला व्यवस्थापन गर्न नियम-कानून बनाएर कडाइका साथ लागू गर्न सक्छ । यस बिषयमा नगर प्रमुख ध्रुव शिवाकोटीले बिशेष चासो देखाउनु भएको छ ।

फोहर-मैला व्यवस्थापन गरेरै छोड्ने सार्वजनिकरुपमा प्रतिबद्धता व्यक्त गर्नुभएको छ । फोहर जथाभावी फ्याल्ने व्यक्ति वा संस्थालाई जरिवाना गरिने चेतावनी उहाँले फोहर-मैला व्यवस्थापनप्रति दुबै संस्थाले देखाएको चिन्तन र चिन्ताका कारण बिर्तामोडबासीको मरेको मनलाई जगाएको छ । अब साच्चै बजार सफा हुनेमा सबैलाई आशा पलाएको छ ।

अझै पनि कतिपयलाई बिर्तामोड बजारको फोहर-मैला व्यवस्थापन हुने कुरा पत्यार नलाग्न सक्छ । हामी आफूले आफैंलाई विश्वास गर्न नसक्दा यस्तो सोचको विकास हुनु स्वभाविक हुन्छ । यो त एउटा अभियान हो । यसलाई सहयोग नगरेर टुलुटुलु हेरेर बस्यौं । गल्ती कमजोरी मात्र खोज्यौं भने पक्कै सफलता पाउन कठिन हुन्छ । तर, यदि यो हाम्रो लागि थालिएको अभियान हो भनेर कुनै रुपमा संलग्न हुने हो भने यो अभियानको सफलताले बजार सफा, सुग्घर र सुन्दर पक्कै बन्नेछ । साथै फोहरबाट उत्पन्न हुन सक्ने रोगव्याध महामारीबाट आफू र परिवारलाई बचाउन पनि पुग्छौं । बिर्तामोडबासीको विशिष्ट परिचय पनि हाम्रो स्वतः बन्न पुग्नेछ । हाम्रो गौरव बढ्नेछ । त्यसैले कुनै न कुनै रुपमा यस अभियानमा आफूलाई हामी सबैले सहभागी गराउन जरुरी छ ।

बिर्तामोड नगरपालिका र उद्योग वाणिज्य संघ बिर्तामोडले दुई घण्टा उपस्थित हुनुपर्ने बाध्यकारी नियम थियो । लाइसेन्समा प्वाल पार्ने र हदै गर्नेको लाइसेन्स रद्द गरिदिन सक्ने प्रावधान छ । कसैको भनसुन पनि काम नलाग्ने देखेपछि नियम पालना गर्नुको विकल्प रहेन । मानिसलाई नियम पालना गर्न बाध्य बनायो । यसका लागि नेपाल प्रहरीको सक्रियतालाई सलाम भन्नै पर्छ ।

बिर्तामोड बजार सफा हुनुपर्ने चाहना कुनै नयाँ परिकल्पना भने होइन । बिर्तामोड अस्तित्वमा आउनु अगाडि बिर्ताबजार यस क्षेत्रको पुरानो बजार थियो । यसोभन्दा धेरैलाई अचम्म लाग्न सक्छ कि आजभन्दा ५० बर्ष अगाडि नै बजार सफा राख्ने हाम्रो परम्परा थियो । हरेक बिहान झाडुले बडारेर बजार सफा गर्ने चलन थियो । फोहर-मैला फ्याल्न स्थान निश्चित गरिएको हुन्थ्यो । मरेका जनावर फ्याल्न स्थान तय गरेको हुन्थ्यो । त्यहीं लगेर फ्याल्ने गरिन्थ्यो । यसका लागि गाउँ पञ्चायतले छुट्टै कर्मचारी नियुक्त गरेको हुन्थ्यो । त्यसैले जुन ठाउँको इतिहास नै फोहर-मैलालाई उचित व्यवस्थापन गर्नुपर्छ भन्ने छ । त्यस ठाउँका जनप्रतिनिधि, संघ-संस्था र बासिन्दा सक्रिय हुने हो भने फोहर-मैला व्यवस्थापन गर्ने



> अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बिषयमा बेलैमा ध्यान पुऱ्याउनु पर्छ। नगरपालिकाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्नुपर्छ। जनताले पालना गर्नुपर्ने दायित्व र कर्तव्यबारे जनतालाई सू-सुचित गर्नुपर्छ। अटेर गर्ने कसैको मुख नहेरी कडा दण्ड र जरिवाना गर्न सक्नु पर्छ। तबमात्र पूर्ण सफलता प्राप्त गर्न सम्भवैसम्भव छ।

दिनुभएको छ । आफूले बोलेको बचन पुऱ्याउने । जनतासँग हातेमालो गरेर हिंड्ने बिकासप्रेमी, सरल, स्पष्टवक्ताको रुपमा नगर प्रमुख ध्रुव शिवाकोटीलाई बिर्तामोडबासीले पत्याएका छन् । उहाँलाई सबै जनप्रतिनिधिहरुको साथ र सहयोग त रहने नै भयो त्यसमा पनि प्रत्यक्ष सरोकार राख्ने वडाध्यक्षहरु अग्नि पाण्डे, राजेन्द्र लिङ्देन र कुलप्रसाद संग्रौलाको पूर्ण साथ र सहयोग रहेको छ । यसकारण पनि उहाँको यस कदमलाई सबैले सकारात्मक रुपमा आशावादी भएर हेरेका छन् । त्यसैगरी अर्कोतर्फ बिर्तामोड बजारलाई सुन्दर, सुव्यवस्थित र समृद्ध बनाउने कर्तव्य र दायित्व व्यापारीहरुको अर्थात् उद्योग वाणिज्य संघको पनि हो ।

केही लिन नभई केही दिन समाजमा अग्रसर रहेका गतिशील व्यक्ति प्रकाश शिवाकोटी अहिले उद्योग वाणिज्य संघको अध्यक्ष रहनुभएको छ । समाज र व्यवसायीका बीच आफ्नो विशिष्ट पहिचान बनाएका केही गरौं भन्ने व्यक्ति राजु न्यौपाने वरिष्ठ उपाध्यक्ष रहनुभएको छ । दर्जनौं व्यवसायलाई कुशलतापूर्वक व्यवस्थापन गरेर समाजमा सफल उद्योगी बनेका ऊर्जाशील, सुझबुझ रहेका अर्जुन मैनाली महासचिव हुनुहुन्छ । सकारात्मक सोच बोकेका लौ न केही गरौं भन्ने व्यक्तित्वहरु उद्योग वाणिज्य संघको कार्य समितिमा हुनुहुन्छ । निश्चय पनि यो एउटा शुभ संकेत हो । बिर्तामोड बजारको त केवल अगुवाई गर्ने हो । यसका लागि आवश्यक साथ र सहयोग दिने दायित्व र कर्तव्य हाम्रो पनि हो । हामीलाई लाग्न सक्छ कि बर्षौंदेखि सफल हुन नसकेको फोहर-मैला व्यवस्थापन यति चाँडै बिर्तामोड नगरपालिका र उद्योग वाणिज्य संघले सफल पार्न सक्छन र ? यसका लागि बिदेशको होइन स्वदेश कै एक-दुई उदाहरण हेरौं । काठमाडौंमा मापसे (मादकपदार्थ सेवन) गरेर सवारी चलाउन नपाउने अभियान सफल हुँदैन भनेर धेरैको अनुमान थियो । ठूला-ठूला नेताहरु, उच्च ओहोदाका कर्मचारीहरु र तिनका सन्तानलाई कसले कारवाही गर्न सक्ला भन्ने अनुमान थियो । तर, अभियान सफल भयो । आज काठमाडौंमा मादकपदार्थ सेवन (मापसे) गरेर सवारी चलाउन शक्तिशाली व्यक्तिहरु पनि डराउने गर्छन् ।

त्यस्तै अर्को उदाहरण हेरौं । भारतको सानो शहर शिलगडीदेखि महानगर कोलकाता दिल्ली सबै ठाउँ सवारीसाधनहरुले बजाउने हर्नको ध्वनीले प्रदुषित छ । तर, नेपालको राजधानी काठमाडौं ध्वनी प्रदुषण मुक्त छ । कसैले बिना कारण हर्न बजाउने हिम्मत नै गर्दैनन् । मापसे होस या हर्न बजाउने बिषयमा पद र पैसाको आडमा शुरु-शुरुमा मानिसले अटेर गरेका थिए । तर, सजाय, जरिवाना मात्र थिएन, प्रहरीले सञ्चालन गरेको चेतनामूलक कक्षामा आफै काममा कुनै कठिनाइ हुँदैन ।

यही कात्तिक १५ गते वान स्टप मल अगाडि बिर्तामोड नगरपालिका र उद्योग वाणिज्य संघ बिर्तामोडले बिर्तामोडस्थित विभिन्न संघ-संस्थाहरुसँगको सहकार्यमा बजार सफाई कार्यक्रमको आयोजना गरेर अभियान शुरु गरिसकेको छ । नगर प्रमुख ध्रुव शिवाकोटी र वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीकले अभियानको नेतृत्व गरेर प्रतिबद्धता जाहेर पनि गरी सक्नुभएको छ । अब यसका लागि फोहर-मैला व्यवस्थापनको नीति, नियम, निर्देशिकासहितको विस्तृत कार्ययोजना जनता समक्ष ल्याउनुपर्ने हुन्छ । फोहर-मैलाको व्यवस्थापनका लागि परेका युवाहरु र संघ-संस्थाहरुलाई साथमा लिएर कार्यान्वयन पक्षलाई कडाइका साथ अघि बढाउनु पर्छ ।

सबैले प्रतिज्ञा गर्नु पर्छ । सशक्त अनुगमन टोली निर्माण गर्नुपर्छ । अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने बिषयमा बेलैमा ध्यान पुऱ्याउनु पर्छ । नगरपालिकाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्नुपर्छ । जनताले पालना गर्नुपर्ने दायित्व र कर्तव्यबारे जनतालाई सू-सुचित गर्नुपर्छ । अटेर गर्ने कसैको मुख नहेरी कडा दण्ड र जरिवाना गर्न सक्नु पर्छ । तबमात्र पूर्ण सफलता प्राप्त गर्न सम्भवैसम्भव छ । त्यसैले फोहर-मैला व्यवस्थापन गर्न ढिला नगरी अब अघि बढौं हामी ।

# छठ पर्व र यसको धार्मिक महत्व

छठ पर्वको मुख्य विधि अन्तर्गत पहिलो दिन ( चतुर्थ) को विधिमा अरबा-अरबाइन गरिन्छ, जसलाई नहाय-खाय पनि भन्ने गरिएको छ । दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिने विधि रहेको छ । यस पर्वमा सूर्यको उपासनाले सन्तान, निरोगिता, सुख, समृद्धि र चर्म रोग निको हुने जनविश्वास छ । सत्य र अहिंसाप्रति मानवको रूची बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु छठ पर्वको विशेषता हो ।

सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ । छठ पर्वमा चाहिने भाँडाकुडा र वस्तुको बन्दोबस्त एक महिना अगाडिदेखि नै गर्न थालिन्छ । छठको पहिलो दिन चतुर्थी व्रतले भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मसुर लगायत वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्दछन् ।

त्यसैगरी छठको दोस्रो दिन(पञ्चमी)खरना गरिन्छ, जसलाई पापको क्षय पनि भनिन्छ । गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी व्रतीले यो दिन दिनभरि निर्जला व्रत बस्छन् र राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) अर्पण गरी सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले



पूर्ण व्रत लिनुपर्दछ ।

छठको तेस्रो दिन (षष्ठी) गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । सोही दिन अन्न बाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरूकिया तथा मूला गाजर ,बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने गर्छन् । छठ पर्वमा विशेष गरी परिकारहरू जलाशयको किनारमा राख्नुअघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँच पटक साष्टाङ्ग दण्डवत गर्छन् । त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धति अनुरूप अरिपन चित्र कोरेका हुन्छन् । त्यसपछि व्रतीले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्छन् । यस क्रममा व्रतीले दुबै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन् ।

पर्वको चौथो (अन्तिम) दिन पार्वण गरिन्छ । यस दिन बिहान उषाकालमा व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातःकालीन सूर्यलाई अर्घ दिन्छन् । अर्घ सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्ने र सुनाउने परम्परा रहेको छ । सूर्यलाई आदिदेवता पनि भनिन्छ । मानवमात्रको अस्तित्वपछि सर्वप्रथम उज्यालो दिने, जीउमा गर्मी उत्पन्न गर्ने र रोगव्याधीबाट जोगाउने सूर्य नै रहेको मान्यता पाइन्छ । रात्रिको अन्धकारबाट भयभीत भएकालाई सूर्यको प्रकाशले त्राण दिने भएकाले आदिकालीन मानवले सूर्यको उपासना पूजा गर्ने गरेका थिए । उत्तर वैदिककालका मिथिलाका प्रसिद्ध चिन्तक र दार्शनिक याज्ञवल्क्यले सूर्यलाई गुरू मानेका थिए ।

वैदिक साहित्यको मुख्य सार सूर्य उपासना नै हो । वेदमा सूर्यलाई ऐश्वर्य र ऋग्वेदमा सबै देवताको स्रोत, महाभारतमा सम्पूर्ण जगत्का प्राणीसित सम्बद्ध भएको बताइएको छ । सृष्टिका सबै जीव र वनस्पति सूर्यको तापबाट बाँचेका छन् । त्यस्तै सूर्योपनिषद्मा ब्रह्मा, विष्णु र रूद्र भनिएको छ । महाभारतमा धर्मराज युधिष्ठिर सूर्य स्तवन गर्दै सूर्यलाई ब्रह्मा, विष्णु र रूद्रका अतिरिक्त इन्द्र, प्रजापति, अग्नि, मनु, प्रभु, चराचर जगत्का पालनकर्ता र मोक्षदाता रूपमा वर्णन गरिएको छ ।

# आन्तरिक पर्यटकको चहलपहल

☐ उमानाथ भण्डारी

**कमल, कात्तिक २३।** कोभिड-१९ को संक्रमणबाट आफ्ना जनतालाई जोगाउन नेपाल सरकारले गरेको लकडाउन खुकुलो भएसँगै आन्तरिक पर्यटनका साथै वनभोज खान जानेहरुको चहलपहल शुरु भएको छ ।

चाडपर्व सकिएसँगै झापाका विभिन्न पर्यटकीय क्षेत्र तथा वनभोज स्थलहरुमा आन्तरिक पर्यटकहरुको चहलपहल शुरु भएको हो । सताक्षीधाम, किचनबध, जामुनखाडी, दोमुखा लगायतका धार्मिक तथा वनभोज स्थलमा पर्यटकको चहलपहल बढेको हो ।

कोभिड-१९ का कारण दुई वर्षदेखि अस्तव्यस्त बनेको जनजीवन सामान्य बन्दै गएकोले अहिले घुम्न निस्कन थालेका छन् । यस ठाउँमा सडकको स्तरोन्नति र विद्युतको विस्तार गर्नुपर्ने आवश्यक रहेको कमल गाउँपालिका-३ केर्खामा भीमप्रसाद राई बताउँछन् । चाडपर्वको मौका छोपेर हिमाली जिल्ला संखुवासभाबाट झापा आएका थिए । त्यही समयमा साथीहरुले घुम्न जाउँ भनेपछि यहाँ आएको बताए ।

खाँदवारी नगरपालिका ८ संखुवासभाका पूर्णकुमार गौलीले झापाका पर्यटकीय स्थल उत्कृष्ट भएको प्रतिक्रिया दिए । धार्मिक तथा पर्यटकीय स्थल राम्रो भए पनि शौचालयको व्यवस्था नभएकोले समस्या छ । स्थानीय सरकारले यस्ता ठाउँ पर्यटकका लागि न्यूनतम् आवश्यकता पूरा गर्नुपर्ने कमल गाउँपालिका-३ का अनुप बराल बताउँछन् ।

कोभिड-१९ पछि स्थिती सामान्य बन्दै गएकोले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सताक्षीधाम आएका बताए । यो ठाउँ धार्मिक तथा पर्यटनका लागि अत्यन्तै महत्वपूर्ण छ । यस ठाउँको विकास निर्माण गर्न स्थानीय सरकार लाग्नुपर्ने कमल-३ का लक्ष्मीप्रसाद ओझाको भनाइ छ ।

कोभिड-१९ को संक्रमण घटेसँगै आन्तरिक पर्यटनमा निस्कनेको संख्या दिन प्रतिदिन बढीरहेको छ । करिब दुई वर्षसम्म बन्द भएका पर्यटकीय स्थलमा सडक, शौचालय, खानेपानी र बिजुली जस्ता न्यूनतम् आवश्यकता पूरा गर्न सम्बन्धित निकायले ध्यान दिन आवश्यक रहेको आन्तरिक पर्यटकहरुको भनाइ छ ।

